# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) विराटनगर, नेपाल, चैत्र २५ गते, २०७६ साल (अतिरिक्ताङ्क ४३


## भाग ३

प्रदेश सरकार

## प्रदेश नं. १, विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सरकार, प्रदेश नं.१ ले विक्रम संवत् २०७७ वैशाख १ गतेदेखि २०७७ साल चैत्र मसान्तसम्म एक वर्षभरिमा प्रदेश अन्तर्गतका सवै सरकारी कार्यालयहरुलाई देहाय बमोजिमको सार्वजनिक, प्रदेशस्तरीय पर्व एवं सट्टा बिदा र कार्यालय समय निर्धारण गर्ने निर्णय गरेको छ:-

१. <u>वर्षभरिका शनिबार बिदा:</u>

(क) वैशाख - ६, १३, २०, २७

(ख) ज्येष्ठ - ३, १०, १७, २४, ३१

(ग) आषाढ - ६, १३, २०, २७

(घ) श्रावण - ३, १०, १७, २४, ३१

(ङ) भाद्र - ६, १३, २०, २७

(च) आश्विन - ३, १०, १७, २४

(छ) कार्तिक - १, ८, १५, २२, २९

(ज) मंसिर - ६, १३, २०, २७

(झ) पौष - ४, ११, १८, २५

(ञ) माघ - ३, १०, १७, २४

(ट) फाल्गुण - १, ८, १५, २२, २९

(ठ) चैत्र - ७, १४, २१, २८

२. <u>पर्व बिदाहरु:</u>

२.१ <u>प्रदेश भर सार्वजनिक बिदा हुने पर्वहरु:</u>

क. नव वर्ष, वैशाख १ गते सोमबार।

ख. ऋषि तर्पणी, रक्षा बन्धन, श्रावण १९ गते सोमबार ।

ग. फाल्गुनन्द जयन्ति, कार्तिक २५ गते मङ्गलबार ।

घ. छठ पर्व, मंसिर ५ गते शुक्रबार ।

ङ. किराँत जातीको उधौली पर्व, योमरी पुन्हि - ज्यापु दिवस, तमु ल्होसार (धान्य पुर्णिमा), पौष १५ गते बुधबार ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

च. माघे सक्रान्ति तथा माघी पर्व, माघ १ गते बिहिबार।

छ. महाशिवरात्री, फाल्गुण २७ गते विहिबार।

ज. फागुपूर्णिमा, हिमाली, पहाडी तथा भित्री मधेश (उदयपुर बाहेक) का १० जिल्लामा चैत्र १५ गते आइतबार र झापा, मोरङ्ग, सुनसरी र उदयपुर जिल्लामा चैत्र १६ गते सोमबार।

२.२ <u>सम्बन्धित धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि मात्र सार्वजनिक बिदा हुने पर्वहरु:</u>

क. किराँत, राई, याख्या, सुनुवार, लिम्बु जातिको उभौली पर्व - चण्डी पूर्णिमा (वैशाख पूर्णिमा), वैशाख २५ गते विहिबार।

ख. इस्लाम धर्मावलम्बीहरुको पर्व, बकर ईद (इदुल जोहा) का दिन।

ग. इसाई धर्मावलम्बीहरुको पर्व, क्रिसमस डे (डिसेम्बर २५), पौष १० गते शुक्रबार।

घ. सोनम ल्होसार, माघ ३० गते शुक्रबार।

ङ. हिमाली आदिवासी शेर्पाहरुले मनाउने ग्याल्पो ल्होसार, चैत्र १ गते आइतबार।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

च. इस्लाम धर्मावलम्बिहरुको पर्व, इद (इदुल फित्र) का दिन झापा, मोरङ्ग, सुनसरी र उदयपुर जिल्लामा पुरै विदा र ती बाहेकका अन्य जिल्लामा कार्यरत सम्बन्धित धर्मावलम्बी कर्मचारीलाई मात्र विदा ।

३. सिरुवा पावनी पर्वका दिन सो पर्व मनाउने झापा, मोरङ्ग, सुनसरी र उदयपुर जिल्लामा बैशाख २ गते मंगलबार।

४. <u>महिला कर्मचारीहरुको लागि मात्र:</u>

क. हरितालिका (तीज), भाद्र ५ गते शुक्रबार।

ख. ऋषि पञ्चमी, भाद्र ७ गते आईतबार ।

ग. जितिया पर्व, भाद्र २५ गते विहिबार (जितिया पर्व मनाउने महिला कर्मचारीहरुको लागि मात्र)

५. <u>शिक्षण संस्थाहरुको लागि मात्र:</u>

वसन्त पञ्चमी, फाल्गुण ४ गते मङ्गलबार।

६. <u>जात्रा बिदा:</u>

राधाकृष्ण रथयात्रा, श्रावण २८ गते बुधबार (झापा, मोरङ्ग र सुनसरी जिल्लाका लागि मात्र) ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

७. **दशैं बिदा :**

कार्तिक ७ गते शुक्रबारदेखि कार्तिक १२ गते बुधबारसम्म (फूलपातीदेखि द्वादशीसम्म)।

८. **तिहार बिदा :**

क. लक्ष्मी पूजा, कार्तिक २९ गते शनिबार।

ख. म्हपूजा, कार्तिक ३० गते आइतबार।

ग. गोवर्द्धन पूजा, भाइटीका, नेपाल सम्वत् प्रारम्भ, मंसिर १ गते सोमबार।

९. **दिवस बिदा :**

९.१ **प्रदेश नं. १ भरी सबैलाई हुने सार्वजनिक दिवस बिदाहरु:**

क. विश्व मजदुर दिवस (मे १), वैशाख १९ गते शुक्रबार।

ख. संविधान दिवस (राष्ट्रिय दिवस), आश्विन ३ गते शनिबार।

ग. अन्तर्राष्ट्रिय नारी दिवस (मार्च ८), फाल्गुण २४ गते सोमबार ।

९.२ **अपाङ्गता भएका कर्मचारीहरुको लागि मात्र:**

अन्तर्राष्ट्रिय अपाङ्गता दिवस, (डिसेम्बर ३) मंसिर १८ गते बिहिबार (नेपाल भित्रका अपाङ्गता भएका सम्पूर्ण कर्मचारीहरुको लागि मात्र) ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

१०. जन्म जयन्ती बिदा :

१०.१ मुलुकभरी सबैलाई हुने सार्वजनिक जयन्ती :

बुद्ध जयन्ती, बैशाख २५ गते बिहिबार।

१०.२ सम्बन्धित धर्मावलम्बीहरुका लागि मात्रः

गुरु नानक जयन्ती, मंसिर १५ गते सोमबार (नेपाली शिख धर्मावलम्बी)।

११. राष्ट्रिय रुपमा मनाइने तर कार्यालय खुल्ने प्रकृतिका दिवसहरुः

क. गणतन्त्र दिवस, ज्येष्ठ १५ गते बिहिबार ।

ख. जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवस, ज्येष्ठ २१ गते बुधबार ।

ग. निजामती सेवा दिवस, भाद्र २२ गते सोमबार।

घ. राष्ट्रिय एकता दिवस, पौष २७ गते सोमबार।

ङ. शहीद दिवस, माघ १६ गते शुक्रबार ।

च. राष्ट्रिय प्रजातन्त्र दिवस, फाल्गुण ७ गते शुक्रबार ।

१२. सट्टा बिदाः

अस्पताल, रोपवे, टेलिफोन, प्रहरी, अध्यागमन, थाना,

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

चौकी, फायरबिग्रेड, टक्सार, रेडियो नेपाल, नेपाल टेलिभिजन, मुद्रण विभाग, हुलाक आदि जस्ता निरन्तर र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय, विभाग तथा कार्यालयहरुले सार्वजनिक बिदाका दिनमा समेत कामकाज गर्नु पर्ने हुँदा त्यस्ता कार्यालयहरुमा दैनिक काम नरोकिने गरी सार्वजनिक बिदाका दिन काम गरेबापत प्रचलित कानूनको रीत पुऱ्याई सट्टा बिदा बस्न सक्ने।

१३. <u>कार्यालय हाजिर हुने र छुट्ने समय:</u>

क. प्रदेश भरका सबै सरकारी कार्यालयहरुमा बैशाख १ गतेदेखि कार्तिक १५ गतेसम्म तथा माघ १६ गतेदेखि चैत्र मसान्तसम्म कार्यालय समय बिहान १०:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म हुने र कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म बिहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म हुने।

ख. शुक्रबार बिहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म हुने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

<u>द्रष्टव्य:</u>

"**आधादिन**" भन्नाले कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म तीन महिनाको लागि दिनको १:०० बजे र माघ १६ गतेदेखि कार्तिक १५ गतेसम्म दिनको १:३० बजेसम्म सम्झनु पर्छ।

आज्ञाले,
हरिप्रसाद मैनाली
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**